http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ७, अङ्क २, २०७६ जेठ Year 7, Issue 2, May-June 2019

## राजस्व संकलनमा २५.९५ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ जेष्ठ महिनाको लागि विभागलाई रु. २७ अर्व ८३ करोडको राजस्वको लक्ष्य प्राप्त भएकोमा रु.२६ अर्व ५३ करोड संकलन भई लक्ष्यको तुलनामा ९५.३३ प्रतिशत हासिल भएको छ। जुन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा २५.९५ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.८ अर्व ४३ करोड लक्ष्य रहेकोमा रु.७ अर्व ४० करोड संकलन भई लक्ष्यको तुलनामा ८७.८२ प्रतिशत असुली भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु.९ अर्व ६३ करोड लक्ष्य रहेकोमा रु.८ अर्व ९३ करोड अर्थात लक्ष्यको ९२.८० प्रतिशत संकलन भएको छ। अन्तःशुल्कतर्फ रु.९ अर्व ७९ करोड संकलन भएको छ। जुन रु.९ अर्व ७५ करोड लक्ष्यको १००.३७ प्रतिशत हुन आउँछ। त्यसैगरी शिक्षा सेवा शुल्कको रु.१

बाँकी पृष्ठ ५ मा

## आन्तरिक राजस्व उपसमिति अन्तर्गतका विभिन्न कार्यदलद्वारा प्रतिवेदन पेश



आर्थिक वर्ष २०७६।७७ को राजस्व नीति तथा कार्यक्रम एवं सम्वद्ध कर कानूनमा समावेश गर्ने विषय,कर प्रणालीका पद्धति एवं प्रकृया र सूचना प्रविधि सम्बन्धमा गर्नुपर्ने सुधारका विषय समावेश गर्नका लागि अर्थ मन्त्रालय राजस्व परामर्श समिति अन्तर्गत आन्तरिक राजस्व उप समिति गठन भएकोमा उक्त उप समिति अन्तर्गत रहने गरी विभागको मिति २०७५।१२।०७ को निर्णयानुसार विभिन्न पाँच वटा कार्यदलहरु क्रमशः आयकर, मूल्य अभिवृद्धि कर, प्रशासनिक तथा संगठनात्मक, सेवा प्रवाह तथा सूचना प्रविधि र अन्तःशुल्क कार्यदल

बाँकी पृष्ठ ३ मा....

### यसभित्र

आन्तरिक राजस्व कार्यालय दमौलीमा बैंक काउण्टरको स्थापना — पृष्ठ ४
कार्यालय परिचय आन्तरिक राजस्व कार्यालय दमक — पृष्ठ १०
आर्थिक विधेयक २०७६ ले गरेको संशोधनका मुख्य विषयहरु — पृष्ठ १३

# महानिर्देशकको सन्देश



**कतिपय करदाताहरूमा अझै बिल बिजक लिने दिने बानीको विकास हुन नसकेको, जारी गरिएका बिजकहरू पनि सही र यथार्थ ढंगको हुने नगरेको, कर कानूनको परिपालनमा उदासिनता र व्यवसायको यथार्थ चित्रण गर्ने किसिमले प्रतिवेदन हुने नगरेको, समयमै कर विवरण तथा कर रकम दाखिला नगरी व्यवसायहरू संचालन गरिरहने एवं तिर्नु बुझाउनु पर्ने कर बक्यौताहरू समयमै दाखिला नगर्ने प्रबृति समेत देखिने गरेका छन् ।**

नेपाल सरकारले आर्थिक वर्ष २०७६/२०७७ को राजस्व नीति तथा कार्यक्रम प्रस्तुत गरी कर प्रणालीमा संरचनात्मक परिवर्तनका साथ आयातमा निर्भर कर प्रणालीलाई क्रमश: आन्तरिक आर्थिक क्रियाकलापमा आधारित दीगो कर प्रणालीमा रुपान्तरण गर्दै जाने उदघोष गरेको छ । वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकास, निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमुलक उद्योग तथा व्यवसाय प्रवर्धन र औद्योगिक संरक्षण प्रदान गर्ने, सबै आर्थिक कृयाकलापलाई करको दायरामा ल्याउने कर छली तथा चुहावट नियन्त्रण गर्न कराधार फराकिलो बनाउने लगायतका उद्देश्य लिएको छ । त्यसैगरी दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास गर्ने तथा कर परिपालनाका प्रक्रियाहरु सरलीकरण गर्दै सूचना प्रविधिको प्रयोगलाई बढाई सहभागिता अभिबृद्धि गर्ने सोच राखेको छ ।

अन्त:शुल्क, मूल्य अभिबृद्धि कर र आयकरका व्यवस्थाहरुमा गरिएका समसामयिक परिवर्तन र संशोधन एवं हेरफेरका विषयवस्तुको माध्यमबाट छुट सुविधा दिने समेत व्यवस्था गरेको छ । राजस्व नीति कार्यक्रम तथा सम्बद्ध ऐन नियमका विषयमा करदाताहरु तथा अन्य सरोकारवालाहरु समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा गरिएका परिवर्तनहरु समय सान्दर्भिक र आन्तरिक राजस्व परिचालनका हिसावले अति उपयोगी हुने मैले विश्वास लिएको छु ।

हालको हाम्रो कर प्रणाली समष्टिगत रुपमा संस्थागत सुधार तथा सुदृढीकरण र परिपालना लागत कटौतीको माध्यमबाट कर सहभागीतामा बृद्धि गर्नेतर्फ केन्द्रित रहेको छ । तथापि कतिपय करदाताहरुमा अझै पनि बिल बिजक लिने दिने बानीको विकास हुन नसकेको, जारी गरिएका बिजकहरु पनि सही र यथार्थ ढंगको हुने नगरेको, कर कानूनको परिपालनमा उदासिनता र व्यवसायको यथार्थ चित्रण गर्ने किसिमले प्रतिवेदन हुने नगरेको, समयमै कर विवरण तथा कर रकम दाखिला नगरी व्यवसायहरु संचालन गरिरहने एवं तिर्नु बुझाउनु पर्ने कर बक्यौताहरु समयमै दाखिला नगर्ने प्रबृति समेत देखिने गरेका छन् ।

करदाताहरुले गरेको वास्तविक आर्थिक कारोवारको सही र यथार्थ ढंगले चित्रण गरी समयमै प्रतिवेदन गराउनका लागि करदाताहरुलाई आवश्यक सहयोग पुर्याउने लेखापरीक्षकहरुले लेखा परीक्षण गर्दा अवलम्बन गर्नु पर्ने विधि र प्रक्रिया उजागर गराई उनीहरुले सम्पादन गर्ने कार्यमा गुणस्तरियता हासिल गराउनका लागि नयाँ परिमार्जन भएको लेखा परीक्षण मानको बारेमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न यस महिनामा Nepal Standards on Auditing 2018 विषयक अभिमुखिकरण कार्यक्रम समेत देशव्यापी रुपमा संचालन गरेका छौं । सो कार्यक्रमले नेपालमा कर कानूनको परिपालनाका लागि लेखा परीक्षकहरुको भूमिका उजागर गराउदै लेखा राख्ने र सोको प्रभावकारी तवरले प्रतिवेदन गरी लेखा परीक्षण कार्यलाई अझ बढी विश्वसनीय बनाउने मैले विश्वास लिएको छु ।

हामी अहिले आर्थिक वर्ष २०७५/७६ को अन्त्य तिर छौं । समग्र राजस्व असुली तथा कार्यगत परिसुचकका लक्ष्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न हामी अहोरात्र लागि पर्नु परेको छ । त्यसैले राजस्व संकलनको लक्ष्य प्राप्तिका लागि करदाताहरुको गत विगत वर्षको कारोवार, तिरेको कर र यस वर्षको हालसम्मको कारोबारको विश्लेषण गरी अन्तिम किस्तामा बुझाउनु पर्ने करको आंकलन गरी करदाताहरुलाई सम्पर्क गरी तिर्न बुझाउन लगाउने, निर्धारण भएको र गत विगत बर्षहरुको तिर्न बुझाउन बांकी रहेको बक्यौता रकम समेत बुझाउन तर ताकेता गर्न तथा आवश्यकतानुसार कानूनी कारवाही गर्ने लगायतका प्रक्रियाहरु अवलम्बन गरी लक्षित राजस्व संकलन गर्न म सबै अधिकृत कर्मचारीहरुलाई निर्देश गर्दछु । साथै यस कार्यमा सहयोग, समन्वय र सहजीकरण गरिदिन सम्पूर्ण करदाता तथा निजी क्षेत्रका संघ-संस्थाहरुलाई अनुरोध गर्दछु ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७६, जेठ**

# विभिन्न...

गठन गरिएकोमा उक्त कार्यदलका संयोजकहरुले कार्यदललाई तोकिएको कार्यादेश अनुसार निर्धारित ढाँचामा तयार गरिएको प्रतिवेदन एक समारोहका विच आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाललाई हस्तान्तरण गर्नु भएको छ ।

आर्थिक ऐनको संशोधनका लागि करदाताहरु तथा अन्य सरोकारवालाहरु समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा राजस्व प्रशासनलाई अझ परिष्कृत र परिमार्जित गर्दै लगिने उद्देश्यका साथ उक्त प्रतिवेदनहरु तयार गरिएको थियो । राजस्व प्रशासनसँग सम्बन्धित नीति एवं कार्यक्रम र प्रक्रिया एवं पद्धतिमा गर्नुपर्ने सुधार सहितको प्रतिवेदनमा पाँचवटै कार्यदलले कर प्रशासनको विद्यमान अवस्था,आन्तरिक राजस्व परिचालनको उपयोगिता र कर प्रशासनको व्यवसायिकता प्रवर्धन र प्रकृयागत सरलीकरणबाट करदाताहरुको सेवा र कर परिपालना लागत समेत कटौती हुने विषयलाई केन्द्रीत गरी सुझावहरु पेश भएको थियो ।

# लेखा परीक्षणमान सम्बन्धी अभिमुखीकरण कार्यक्रम




आन्तरिक राजस्व विभाग र लेखा परीक्षणमान बोर्डको संयुक्त आयोजनामा Nepal Standards on Auditing 2018 लगायत Nepal Financial Reporting Standards (NFRS) र NFRS For SMEs बारे जानकारी दिने र नेपालको कर कानून र कर लेखा परीक्षणमा लेखा परीक्षकहरुको भूमिका सम्बन्धमा जानकारी गराई सहभागीहरुलाई लेखा राख्ने, लेखाको प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने कार्यलाई अझ प्रभावकारी बनाउने उद्देश्यले Nepal Standards on Auditng 2018 विषयक अभिमुखीकरण कार्यक्रम काठमाडौं, बुटवल, धनगढी र सुर्खेतमा सम्पन्न भएको छ। २०७६ जेष्ठ ४ र ५ गते बुटवलमा, जेष्ठ १० र ११ गते सुर्खेतमा, जेष्ठ २४ र २५ गते धनगढीमा र जेठ ३१ र ३२ मा काठमाडौंमा सञ्चालन भएको कार्यक्रममा कर अधिकृत र पेशागत लेखा व्यवसायीहरुको सहभागिता रहेको थियो । काठमाडौंमा आयोजित कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सहभागीहरुलाई तालिममा हासिल गरेका ज्ञानलाई कार्यक्षेत्रमा लागू गर्दै लेखापरीक्षण कार्यमा सुधार ल्याई पेशाको मर्यादा तथा प्रतिष्ठा बढाउने कार्य गर्न आग्रह गर्नु भयो । महानिर्देशक नेपालले लेखापालन र लेखा परीक्षणबीचको सीमा निर्धारण हुनुपर्ने, लेखा परीक्षकले करदाता र राज्यबीचको पुलको काम गरी कर सहभागिता वृद्धिमा योगदान गर्नुपर्ने विषयमा समेत जोड दिनु भयो । उक्त कार्यक्रमहरुमा आन्तरिक राजस्व कार्यालयहरु क्रमशः बुटवल, धनगढी, सुर्खेत र नयां बानेश्वरका प्रमुख कर अधिकृतहरुले कार्यक्रमको आवश्यकता र महत्व माथि प्रकाश पार्दै कार्यशालामा आर्जन गरेको ज्ञानलाई वास्तविक कार्यक्षेत्रमा प्रयोग गर्न सहभागीहरुलाई आग्रह गर्नुभयो र करदाताहरुको सही एवं यथार्थ कारोवारको चित्रण गरी सोही बमोजिम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा प्रतिवेदन गराउने वातावरण बनाउने कार्यमा सहयोगीको भूमिका निर्वाह गर्न समर्थ हुनेमा अपेक्षा समेत राख्नु भएको थियो । उक्त कार्यक्रमहरुमा श्रोत व्यक्तिहरुले आफ्नो प्रस्तुतीकरण मार्फत सहभागीहरुलाई सचेतना प्रदान गर्नु भएको थियो भने कार्यक्रमको समापनमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयका प्रमुखहरु र लेखारीक्षणमान बोर्डका अध्यक्षले संयुक्त रुपमा सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# उद्योग वाणिज्य महासंघद्वारा करदाता शिक्षा कार्यक्रम

आन्तरिक राजस्व विभाग र नेपाल उद्योग बाणिज्य महासंघको आयोजना तथा स्थानीय उद्योग वाणिज्य संघको व्यवस्थापनमा सम्बन्धित क्षेत्रका व्यवसायी तथा कम्पनीमा कार्यरत लेखापालहरुलाई आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी सैद्धान्तिक तथा आधारभूत विषयमा साथै व्यवहारिक ज्ञान दिने उद्देश्यले २०७६ जेष्ठ महिनामा सुनसरी र काठमाडौंमा आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी तालिम सञ्चालन गरिएको छ। २०७६ जेठ ६ -८ सम्म उद्योग वाणिज्य संघ सुनसरीमा संचालित कार्यक्रममा उक्त क्षेत्रका साना तथा मझौला व्यवसायी तथा विभिन्न कम्पनीमा कार्यरत लेखापालहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको समापन शत्रमा आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख देव नारायण पौडेलले यस्तो कार्यक्रमबाट करदाताहरुको जानकारीको स्तर वृद्धि भइ कर सहभागितामा समेत अभिवृद्धि हुने विचार



व्यक्त गर्नुभयो।

यसैगरी जेठ १४ - १५ सम्म नेपाल निर्माण व्यवसायी महासंघ काठमाडौंमा संचालन गरिएको कार्यक्रममा काठमाडौं भित्रका निर्माण व्यवसायीहरुको सहभागिता रहेको थियो। उक्त दुवै तालिममा चार्टड एकाउण्टेण्टहरु ज्ञानेन्द्र बहादुर भारी र मुरलीधर तिवारीले सहजीकरण गर्नु भएको थियो।

# आन्तरिक राजस्व कार्यालय दमौलीमा बैंक काउण्टरको स्थापना

आन्तरिक राजस्व कार्यालय दमौलीको कार्यालय परिसरमा मिति २०७६/०२/२३ गते नेपाल बैंक लिमिटेडको एक्सटेन्सन काउण्टरको स्थापना भएको छ। करदाता सेवा कार्यालय दमौलीको स्थापनाकै क्रममा नेपाल बैंक लिमिटेडलाई राजस्व रकम बुझिलिने बैंकको रुपमा तोकिएको भएतापनि कार्यालय परिसरमा बैंकको काउण्टर नहुंदा सेवाग्राहीलाई समस्या हुँदै आएको थियो। यसै आर्थिक वर्षबाट कार्यालयको स्तरोन्नती भई आन्तरिक राजस्व कार्यालय भएपछि करदाताको चापमा समेत बृद्धि भएकोमा बैंक काउण्टरको स्थापना भए संगै राजस्व दाखिलाका लागि




करदाताहरुलाई सहज भएको छ। बैक स्थापना भएसँगै कार्यालयमा दाखिला गरिने जुनसुकै राजस्व अन्तरगतको जतिसुकै रकम बैंक मार्फत नै दाखिला गर्नु पर्ने प्रणालीको सुरुवात भएको छ।

# आन्तरिक राजस्व कार्यालय बागलुङद्वारा करदाता शिक्षा कार्यक्रम संचालन

आन्तरिक राजस्व कार्यालय बागलुङले मुस्ताङ जिल्लाका विभिन्न स्थानहरुमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। मिति २०७६/०१/१७ गते कोष तथा लेखा नियन्त्रक कार्यालय मुस्ताङको सभाहलमा मुस्ताङ जिल्ला स्थित सरकारी कार्यलयहरुमा लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीहरुसँग, मिति २०७६/०२/१९ गते उपल्लो मुस्ताङको चराङ स्थित करदाताहरुसँग तथा मिति २०७६/०१/२० गते थसाङ गाउपालिका स्थित मार्फा बजार र आसपासका करदाताहरुसंग गरिएका करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु कर अधिकृत बुद्धि प्रसाद आचार्य र कम्प्युटर अधिकृत दिगम्बरमान श्रेष्ठले सञ्चालन गर्नुभएको थियो भने प्रमुख कर अधिकृत हेमराज सुवेदीले सहजीकरण गर्नुभएको थियो । उल्लेखित कार्यक्रमहरुमा मन्तव्य राख्दै प्रमुख कर अधिकृत हेमराज सुवेदीले तीनै तहका सरकारका कराधार फरक फरक रहेको एवं संविधान तथा कानूनले नागरिकहरुलाई दोहोरो करको भार पर्ने गरी क्षेत्राधिकार नदिएको तर्फ ध्यानाकर्षण गराउनु भयो साथै उहांले स्वेच्छिक कर सहभागितामा जोड दिदै मुस्ताङ जिल्लामा पर्यटकीय गतिविधिहरु बढ्दै गएकोले सोको प्रभाव राजस्व संकलनमा समेत पर्नु पर्ने विषय जोड दिनु भयो । साथै गर्दै व्यवसाय तथा आयको आधारमा यथार्थपरक ढंगले कर तिर्नेको लागि सहभागिहरुलाई आग्रह गर्नु भएको थियो ।

यसैगरी म्याग्दी जिल्लामा आर्थिक विधयेक, २०७६ का प्रावधान तथा कर कानूनमा भएका संशोधनका सम्बन्धमा मिति २०७६/०२/२० गते जिल्ला स्थित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रममा कर अधिकृत सुन्दर श्रेष्ठले आर्थिक विधेयकका मुख्य मुख्य प्रावधानहरु तथा कर कानूनमा भएको संशोधन सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो। सोही सिलसिलामा मिति २०७६/०२/२१ गते बागलुङ उद्योग वाणिज्य संघको सभा हलमा बागलुङ जिल्ला स्थित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कर अधिकृत बुद्धि प्रसाद आचार्यको प्रस्तुतीकरणमा सम्पन्न कार्यक्रममा ८९ जना सहभागीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रमहरुको सहजिकरण गर्दै प्रमुख कर अधिकृत हेमराज सुवेदीले आर्थिक विधेयक, २०७६ ले स्वंय कर निर्धारण पद्धतिलाई प्रणालीलाई बढावा दिंदै करदाताका अधिकारहरुको संरक्षणमा ध्यान दिएको तथा कर चुहावट नियन्त्रणमा विशेष जोड दिएकोले सो सम्बन्धमा सचेत रहदै स्वच्छ र पारदर्शी आर्थिक गतिविधिमा केन्द्रित रहन आग्रह गर्नुभएको थियो ।

## बैंक काउण्टरको स्थापना

राजस्व संकलन कार्यलाई सहज प्रभावकारी बनाउन आन्तरिक राजस्व कार्यालय बागलुङ्को परिसरमा नेपाल बैंक लिमिटेडको काउण्टर स्थापना गरिएको छ। अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मिति २०७६/०२/२३ गतेदेखि काउण्टर सुचारु गरिएको हो । यसबाट करदाताले सहज तरिकाले राजस्व दाखिला गर्न सक्ने विश्वास कार्यालयले लिएको छ ।

## राजस्व संकलनमा २५.९५ ...

करोड लक्ष्यमा रु.५ करोड संकलन भई लक्ष्यको करिब पाँच गुणा संकलन भएको छ ।

रू हजारमा

| शीर्षक | | २०७५/०७६ जेठ महिनाको | | | | गत वर्षको यस अवधिसम्मको असूली | २०७५/०७६ जेठ महिना सम्मको | | | गत बर्षको असूलीको तुलनामा वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गत वर्षको यस महिनाको असूली | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | गत बर्षको असूलीको तुलनामा वृद्धिदर | | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | |
| आय कर | ५४६१८६९ | ८१२२५९५ | ६५९२१४८ | ८१।१६ | २०।६९ | १०६९५३२७७ | १६२०६४८०० | १३२३५०८४६ | ८१.६७ | २३.७५ |
| वहालकर | २६२९६८ | ० | २८२०३७ | | | ३८१३५७७ | ० | २८१०२७३ | | |
| व्याजकर | ४९०४०७ | ३०९६८९ | ५३१२६५ | १७१।५५ | ८।३३ | १३९२४६८७ | १६३४९५५१ | १७८५३३१० | १०९.२० | २८.२१ |
| **आयकर जम्मा** | ६२१५२४४ | ८४३२२८४ | ७४०५४५० | ८७।८२ | १९।१५ | १२४६९१५४१ | १७८४१४३५१ | १५३०१४४२९ | ८५.७६ | २२.७१ |
| मू.अ.कर | ७१८८७२७ | ९६३४०३४ | ८९३९९१० | ९२।८० | २४।३६ | ६७११६९६६ | ९०४४२८०२ | ७४७४४३७३ | ८२.६४ | ११.३६ |
| अन्त:शुल्क | ७५७०८२७ | ९७५७६८१ | ९७९४२३३ | १००।३७ | २९।३७ | ५४३४३५२१ | ७००८३७२७ | ६९२१७५२४ | ९८.७६ | २७.३७ |
| स्वास्थ्य सेवा शुल्क | ५२५१० | ० | ३४१६७७ | | | १०७८८४६ | ० | २३६८५१३ | | ११९.५४ |
| शिक्षा सेवा शुल्क | ४०३४७ | १०८६६ | ५३२८२ | ४९०।३६ | ३२।०६ | ८१३२६९ | ७१८१०७ | १०००१६६ | १३९.२८ | २२.९८ |
| **जम्मा** | २१०६७६५५ | २७८३४८६५ | २६५३४५५२ | ९५।३३ | २५।९५ | २४८०४४१४३ | ३३९६५८९८७ | ३००३४५००५ | ८८।४३ | २१.०९ |

# करदाता सेवा कार्यालय, मलंगवाद्वारा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन

"कर: समृद्ध नेपाल, सुखी नेपालीको भर" भन्ने अवधारणालाई पूर्ण रुपमा कार्यान्वयन गर्न तथा कर सम्वन्धी विविध जानकारी करदाता समक्ष पुऱ्याउने उद्देश्यले जेष्ठ महिनामा सर्लाही जिल्ला कार्य क्षेत्र रहेको करदाता सेवा कार्यालय मलङ्गवाले विभिन्न स्थानमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

मिति २०७६/०२/१८ गते लालबन्दीमा, मिति २०७६/०२/२५ गते वरहथवामा, मिति २०७६/०२/३२ गते हरिवनमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा कर अधिकृत बालकृष्ण कटेल र नायब सुब्बा मन्दिप श्रेष्ठले कर दाताहरुले राखेको जिज्ञासाको सम्वोधन गर्दै नयाँ स्थायी लेखा नम्वर लिने, आय विवरण पेश गरी कर दाखिला गर्ने तथा व्यवसाय वन्द गर्ने र कर सम्वन्धी कानूनमा भएका शुल्क, व्याज, जरिवाना लाग्ने अवस्था समेतका व्यवस्थाहरुका साथै आर्थिक विधयेक, २०७६ ले आयकर, मूल्य अभिवृद्धि कर तथा




अन्त:शुल्क सम्वन्धी ऐन तथा नियमहरुमा गरेका मुलभूत परिवर्तनका विषयलाई प्रष्ट पार्नु भएको थियो । करदाता सेवा कार्यालय, स्थानीय उद्योग वाणिज्य संघ तथा सम्वन्धित स्थानीय निकायको समन्वयमा भएका उक्त कार्यक्रमहरुमा स्थानीय निकाय तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरुको उपस्थिति तथा उल्लेख्य संख्यामा सम्बन्धित क्षेत्रका करदाताहरुको सहभागिता रहेको थियो ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# करदाता सेवा कार्यालय बर्दिवासद्वारा करदाता शिक्षा तथा e-TDS अभिमुखीकरण कार्यक्रम सञ्चालन



करदाता सेवा कार्यालय बर्दिवासद्वारा २०७६ जेठ ४ गते महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा करदाता तथा सरोकारवालाहरुको उल्लेख्य उपस्थितिमाझ करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा आयकर ऐन, २०५८ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा व्यवस्था भए अनुसार व्यवसाय दर्ता प्रक्रिया, कर विवरणका प्रकार र बुझाउने तरिका, करदाताले पालना गर्नुपर्ने विषय र पालना नगरेमा हुने दण्ड, सजाय, ब्याज, जरिवाना लगायतका विषयमा छलफल भएको थियो। कार्यालयका कर अधिकृत विमल पौडेलले सहभागीबाट उठेका विषयको सम्बोधन गर्दै करदाता र कर प्रशासन बीचको दुरी कम भएमा मात्र सही रुपमा कर परिपालना हुने हुँदा कर कार्यालय केवल करदाताको निगरानी र नियन्त्रणका लागि नभई सहजिकरणका निम्ति समेत रहेको हुनाले अस्पष्ट भएका विषयमा कार्यालयमा सम्पर्क गरी जानकारी लिन आग्रह गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ गौशालाका अध्यक्ष रामराजाप्रसाद साहले सबै व्यवसायीले विजक जारी गरेर मात्रै कारोबार गर्न, कानूनले तोकेअनुसार लेखा राख्न र समयमै कर बुझाउन अपिल गर्नुभएको थियो।

यसैगरी, मिति २०७६।२।१५ र १८ गते गरी दुईदिन करदाता सेवा कार्यालय बर्दिवास र कोष तथा लेखा नियन्त्रक कार्यालय, महोत्तरीको संयुक्त आयोजनामा बर्दिवासमा दुई दिने इटीडीएस अभिमुखिकरण कार्यक्रम सञ्चालन भयो। महोत्तरी जिल्लाका स्थानीय तहमा कार्यरत लेखा समूहका कर्मचारीलाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रममा कार्यालयका कर अधिकृत विमल पौडेलले भुक्तानीमा कर कट्टीको अवधारणा, महत्व तथा आयकर ऐन २०५८ मा भएको व्यवस्था सम्बन्धी विषयमा प्रस्तुतीकरण गर्दै सबै कार्यालयले अनिवार्य रुपमा विथहोल्डर पान र सबै कर्मचारीले व्यक्तिगत पान लिन आग्रह गर्नुभयो। यसैगरी नायव सुब्बा पहल बहादुर केसी र डा.ई.सु. शैलेश घिमिरेले प्रयोगात्मक कक्षा समेत सञ्चालन गरी भुक्तानीमा कर कट्टी गर्ने प्रक्रियाको बारेमा सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा प्रमुख कोष नियन्त्रक युवराज राईले कर प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन सबै सार्वजनिक निकायको कर संकलन गर्ने दायित्व रहेको हुँदा भुक्तानीमा कर कट्टी गरी सोको रित पूर्वक प्रविष्टि गर्न र आ-आफ्नो कार्यालय र कर्मचारीको लागि पान लिन आग्रह समेत गर्नुभयो।

# करदाता सेवा कार्यालय पाल्पाद्वारा एकदिने कार्यशाला सञ्चालन

करदाता सेवा कार्यालय पाल्पाको आयोजना र पूर्वखोला गाउँपालिकाको सहकार्य र समन्वयमा पूर्वखोला गाउँपालिकामा मिति २०७६/०२/०४ मा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

स्वेच्छिक कर सहभागिता बढाउने उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम करदाता दर्ता, कर विवरण बुझाउने, e-TDS विवरण बुझाउने, राजस्वको भुक्तानी, विल विजक जारी गर्नुपर्ने व्यवस्था लगायतका विषयमा कर अधिकृत सागर पोखरेलले प्रस्तुतीकरण गर्नुभएको थियो । स्थानीय सरकार सञ्चालन ऐनमा रहेका कर सम्बन्धी व्यवस्था र संवैधानिक व्यवस्थाको विषयमा गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत भेषराज पन्तले आफ्नो प्रस्तुती राख्नु भएको थियो । कार्यक्रममा पूर्वखोला गाउँ पालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष लगायत शिक्षक, व्यवसायी, सरोकारवाला, नागरिक समाजको उल्लेख्य संख्यामा उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा करदाताहरुले विविध जिज्ञासा, समस्या, कर कानून परिपालनामा आइपरेका द्विविधा लगायतका विषयवस्तुहरू उठान गरेका थिए भने कार्यालयबाट करदाता प्रति कर प्रशासनको अपेक्षा उल्लेख गर्दै करदाताहरूले उठान गरेका जिज्ञासाहरूको सम्बोधन गरिएको थियो । साथै करदाताहरूलाई कर कानूनको परिपालना गर्न सचेत गराइएको थियो ।




यसैगरी २०७६।०२।१० गते सेन मा.वि. तानसेनमा उद्योगी, व्यवसायी, लेखाका कर्मचारीहरुको लागि अनलाइन सिष्टम सञ्चालन सम्बन्धी एक दिने कार्याशाला गोष्ठि सञ्चालन गरिएको छ । करदातालाई आफ्नो व्यवसायको विवरण आफैं भर्न सक्ने बनाई आवश्यक जरिवाना र शुल्कबाट बच्न सक्ने बनाउनु कार्यक्रमको उद्देश्य रहेको थियो । अनलाइन सिष्टम सम्बन्धी जानकारीमुलक कार्यपत्र कार्यालय प्रमुख सागर पोखरेलले गर्नुभएको थियो । डे ०१ र डे ०२ विवरण कसरी प्रवृष्टी गर्ने, कारोबारको अभिलेख कसरी राख्ने, व्यक्तिगत पान लिनको लागि अनलाइन फाराम कसरी भर्ने भन्ने कुराको जानकारी गराउनुका साथै रोजगारदाताहरुले पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर र पारिश्रमिक आयमा कट्टा गरिएको कर कसरी e-TDS गर्ने तरिका बारे प्रयोगात्मक प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रममा कार्यालयका प्रमुख सागर पोखरेलले समग्र राजस्व प्रशासनमा परिणाममुखी र सकारात्मक सुधार ल्याउन करदाता सेवा कार्यालयद्वारा समय समयमा विभिन्न प्रकारका तालिमहरु प्रदान गरिदै आएको बताउँदै तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई उपयोग गर्न सहभागीहरुलाई आग्रह गर्नुभयो । विद्युतीय माध्यमको प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी तथा चुस्त दुरुस्त पार्ने उद्देश्यका साथ संचालित उक्त कार्यक्रममा नायब सुब्बा मेघ बहादुर थापा र डाइसु साबित्रा आचार्यले सहजिकरण गर्नु भएको थियो ।

# करदाता सेवा कार्यालय, धनकुटाद्वारा विभिन्न कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय धनकुटा र तेह्रथुम जिल्लाको आठराई गाउँपालिकाको सह आयोजनमा मिति २०७६/०२/१४ गते मंगलबार राजस्व सम्बन्धी अभिमुखिकरण र करदाता शिक्षा कार्यक्रम एवं अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रममा नेपालको कर प्रणाली, आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कका विषयमा कर अधिकृत रमेश ढकालले सहजीकरण गर्दै प्रत्येक व्यवसायीले अनिवार्य रुपमा स्थाई लेखा नम्बर लिई सुरक्षित रुपमा व्यबसाय सञ्चालन गर्नु पर्ने र समयमै कर बुझाई अनावश्यक रुपमा दण्ड जरिवाना तिर्नबाट जोगिन आग्रह गर्नुभयो साथै कार्यालयको तर्फबाट प्रकृयागत सरलिकरणका लागि तालुक निकायसँग समन्वय गर्ने र कर परिपालनाको उलङ्घका विरुद्ध कडा रुपमा प्रस्तुत हुने विचार व्यक्त गर्नु भयो । विकास र समृद्धिको आधार कर भएकाले कर संकलनले देशलाई टेवा पुग्ने विषय उल्लेख गर्नुभयो । सोही सिलसिलामा उद्योग वाणिज्य संघ उपशाखा आठराई, इलाका प्रशासन कार्यालय आठराई, आठराई गाँउपालिका र करदाता सेवा कार्यालय धनकुटाको संयुक्त अनुगमन टोलीले बजार अनुगमन गरेको थियो ।



मिति २०७६/०२/२५ गते शनिवार धनकुटा जिल्लाका निजी तथा आवासीय विद्यालयहरुको अर्गनाईजेसनको कार्यालयमा जिल्ला भरीका निजी तथा आवासीय विद्यालयहरुका संचालक र लेखापालहरुसँग व्यक्तिगत स्थाई लेखा नम्बर र भुक्तानीमा करकट्टी (e-TDS) का बारेमा प्रशिक्षण तथा अन्तरक्रिया सम्पन्न भयो ।

त्यसैगरी मिति २०७६/२/३२ गते शनिवार भोजपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नुरहरी खतिवडाको अध्यक्षतामा भोजपुर जिल्ला षडानन्द नगरपालिका दिङ्ला क्याम्पसको भवनमा षडानन्द नगरपालिकाका नगरप्रमुख बीरबल राई, जि.स.स. सदस्य पेमदोर्जी शेर्पाको आतिथ्यतामा करदाता सेवा कार्यालय धनकुटा, भोजपुर उद्योग बाणिज्य संघ र उपभोक्ता संरक्षण मञ्च भोजपुरको सहआयोजनमा करदाता शिक्षा र उपभोक्ता हित संरक्षणका लागि सचेतना कार्यक्रम सम्पन्न भयो । सोही दिन जिल्ला प्रशासन कार्यालय भोजपुर, करदाता सेवा कार्यालय धनकुटा, उद्योग बाणिज्य संघ शाखा भोजपुर र उपशाखा दिङ्ला, उपभोक्ता संरक्षण मंच, कोष तथा लेखा नियन्त्रण कार्यालय भोजपुर र षडानन्द नगरपालिका भोजपुरबाट संयुक्त रुपमा बजार अनुगमन कार्यक्रम समेत सम्पन्न भयो ।

# आन्तरिक राजस्व कार्यालय दमक




**१. कार्यालयको स्थापना र कार्यक्षेत्रः** साविकमा करदाता सेवा कार्यालयको रुपमा स्थापना भएको दमक कार्यालय नेपाल सरकारको २०७५ भाद्रको निर्णयबाट आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नति भई कार्य सम्पादन गर्दै आइ रहेको छ। यस कार्यालयको कार्यक्षेत्र अन्तरगत झापा जिल्लाका दमक नगरपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका साथै कमल गाँउपालिका र गौरीगञ्ज गाँउपालिका रहेका छन्। आन्तरिक राजस्व कार्यालयको स्थापनाबाट कर प्रशासनको सम्पूर्ण कार्य यसै कार्यालयबाट हुन गई करदाता तथा सेवाग्राहीमा सहजता आएको छ। कार्यालयमा हाल प्रमुख कर अधिकृत एक र कर अधिकृत चार समेत गरी जम्मा १५ जनाको दरवन्दी स्वीकृत भएकोमा १० जनाको पदपूर्ति भएको र रिक्त पद पदपूर्तिको लागि लोकसेवा आयोगमा माग गरिएको छ।

कार्यालयको स्थायी संरचना तथा आफ्नो स्वामित्वको जग्गा तथा भवन नभएकोले प्रचलित कानून बमोजिम कार्यालयको कार्य प्रकृति एवं कार्यबोझ र करदाताको सुविधा समेतलाई मध्यनजर गरी कार्यालयको लागि उपयुक्त वातावरण भएको स्थानमा घर बहालमा लिइ कार्यालय सञ्चालन गरिएको छ।

## २.करदाता दर्ता सम्बन्धी विवरण:

आन्तरिक राजस्व कार्यालय दमक झापामा करदाता दर्ताको अवस्था मिति २०७६ बैशाख मसान्तसम्म निम्न बमोजिम रहेको छ।

| सि.नं. | विवरण | करदाता संख्या |
|---|---|---|
| १ | आयकरमा दर्ता | १४८९३ |
| २ | मू.अ.क.मा दर्ता | १६७१ |
| ३ | व्यक्तिगत स्थायी लेखा नम्बर तर्फ | ४८८३ |

## ३. राजस्व असूली एवं विवरण प्राप्तिको अवस्था:

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत मुख्यतया सहकारी र साना व्यवसाय रहेका छन्। उद्योग तथा कलकारखाना यस कार्यालयको क्षेत्र अन्तर्गत अत्यन्तै न्यून रहेकाले सहकारी एवं साना व्यवसायीबाट राजस्व संकलन गर्नुपर्ने अवस्था रहेको छ। यस कार्यालयको आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ को बैशाख महिनासम्मको राजस्व संकलनको तुलनात्मक विवरण निम्न बमोजिम रहेको छ।

| विवरण | २०७४ श्रावणदेखि ७५ बैशाखसम्म | | २०७५ श्रावणदेखि ७६ बैशाखसम्म | | | |
|---|---|---|---|---|---|---|
| शीर्षक | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | वृद्धि रकम | बृद्धि प्रतिशत |
| आयकर | ० | २०९०३८२८९ | २८२१८५००० | ३०३५४२१०० | ९४५०३८११ | ४५.२०९ |
| मू.अ. कर | | ५९८५८२९४ | ७४९३७००० | १०४३३६९५९ | ४४४७८६६५ | ७४.३०७ |
| अन्त: शुल्क | | २९१३४३३० | ३०८२५००० | २७८४२१५७ | -१२९२१७३ | -४.४३५२ |
| विविध | | १२९७७५३१ | ० | ७१६७५८८ | -५८०९९४३ | -४४.७६९ |
| जम्मा | | ३११००८४४४ | ३८७९४७००० | ४४२८८८८०४ | १३१८८०३६० | ४२.४०४ |

## ४. करदाता दर्ता र विवरण प्राप्तिको अवस्था:

कार्यालयको स्तरोन्नति भए पश्चात नियमित रुपमा गरिएका करदाता शिक्षाको कारणबाट कर विवरणहरु प्राप्तिमा उल्लेख्य मात्रामा सुधार आएको देखिएको छ। कर विवरण प्राप्ति र प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ।

| आर्थिक वर्ष | बैशाखसम्मको आय विवरण प्राप्तिको अवस्था | | |
|---|---|---|---|
| | लक्ष्य | प्रगति | बृद्धि प्रतिशत |
| २०७४/७५ | ० | ७०८० | साविकमा लक्ष्य नतोकिएको |
| २०७५/७६ | ८४७९ | ८६७७ | २.५ |

## ५. कार्यालयको सेवा प्रवाहको अवस्थाः

आन्तरिक राजस्व कार्यालयको नयाँ भवनमा स्थानान्तरण भए पश्चात अपाङ्ग एवं सेवाग्राहीमैत्री भवन, सेवा प्रवाहमा एकल विन्दु पद्धतिलाई ध्यानमा राखी भवनको विन्यास (Layout Design) गरिएको छ । कार्यालयको सेवा प्रवाहमा देहाय बमोजिमको रणनीति अवलम्बन गरी सेवा प्रवाह गरिदै आएको छ ।

(क) सवै करदाताको लागि विवरण पेश गर्नको लागि सूचना प्रविधि प्रणालीमा पहुँच प्रदान गरिएको ।

(ख) कराधार विस्तार गर्नको लागि नियमित रुपमा बजार अनुगमन तथा करदाता शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन गरिदै आएको ।

(ग) विवरण पेश नगर्ने करदाताहरुको तीनपुस्ते सहितको विवरण स्थानीय निकायमा टाँस गरी विवरण संकलनको कार्यलाई प्रभावकारी गरिएको ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**सूचना**

आर्थिक कृयाकलापमा संलग्न कुनै व्यक्ति वा निकायले अनिवार्य रूपमा स्थायी लेखा नम्वर (**PAN**) लिएर मात्र कारोवार गर्नु पर्ने तथा त्यस्ता व्यक्ति वा निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने भएमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता हुन पर्ने प्रावधान आयकर ऐन,(संशोधन सहित) २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन,(संशोधन सहित) २०५२ मा रहेको छ । तसर्थ, आर्थिक कृयाकलापमा संलग्न सवैले स्थायी लेखा नम्वर लिई र मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई वील वीजक जारी गर्ने,खरिद विक्री कारोवारको अभिलेख राख्ने,आफ्नो कारोवारको आफैले कर निर्धारण गरी मूल्य अभिवृद्धि कर विवरण तथा आय विवरण एबं लाग्ने कर समयमा नै दाखिला गर्नु गराउनु भै कर कानूनको परिपालना गर्न गराउन जानकारी गराईन्छ । करदाता दर्ता हुंदा यदाकदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्ति / निकाय दर्ता नभइ कामदार वा अन्य असम्वन्धित व्यक्तिका नाममा कारोवार दर्ता गरी वास्तविक रूपमा कारोवार गर्ने व्यक्तिले अन्य सामान्य अनजान व्यक्तिका नामवाट फाईदा लिई करको दायित्व अन्य व्यक्तिलाई सिर्जना गर्ने प्रवृत्ति समेत देखिने गरेको हुंदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्तिका नाममा मात्र फर्म वा कम्पनी दर्ता भई आफ्नो कारोवारको सूनिश्चितता गरी दर्ता गर्न गराउनु हुन साथै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूले करदाता दर्ता गर्दा गुणस्तरीय दर्ता (Quality Registration) मा ध्यान दिई वास्तविक करदाताहरू मात्र एकीन गरी दर्ता गर्ने गराउने व्यवस्था मिलाउनु हुन आम करदाता तथा सम्वद्ध कर्मचारीहरूलाई जानकारी गराईन्छ ।

(घ) कर बक्यौता भएका करदाताको कारोवार स्थलमा भ्रमण गरी निजको अवस्था एवं जानकारी लिई सोही बमोजिमको ताकेता एवं कानूनी कारवाहीको कार्य सुरु गरिएकाले बक्यौता संकलनमा प्रगति हासिल हुदै गएको ।

(ङ) करचुक्ता, संस्था नविकरणको सिफारिस एवं अन्तःशुल्क प्रशासन समेतलाई विद्युतीय प्रणालीमा आवद्ध गरी पारदर्शी एवं चुस्त बनाइएको ।

(च) कार्यालयको सुरक्षा वातावरण एवं आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गर्न सि.सि.क्यमरा जडान गरिएको ।

(छ) सवै प्रशासनिक कार्यहरु विद्युतीय प्रणालीमा आवद्ध गर्न थालनी गरिएको । फाइलिङ्ग ब्यवस्थापनलाई प्रभाबकारी एवं चुस्त बनाउन कम्प्युटराइज्ड गरिएको ।

(ज) कार्यक्षेत्र भित्रका उच्च कर दाखिला गर्ने २५ करदाताहरुलाई हरेक त्रैमासिक रुपमा भेला गरी निजहरुको समस्या समाधान गर्ने कार्यको थालनी गरिएको ।

(झ) कार्यालय परिसरमा बैंक काउन्टर स्थापना गरी सञ्चालनमा ल्याईएको ।

## ६. कार्यसम्पदनमा देखिएका समस्याहरुः

१. दरवन्दी अनुसार पदपूर्ति नहुंदा नियमित बजार अनुगमन गरी कर कानूनको परिपालनमा अपेक्षित प्रगति प्राप्त गर्न नसकिएको ।

२. कार्यालयको निजी भवन नभएको ।

# आर्थिक विधेयक २०७६ ले गरेको संशोधनका मुख्य विषयहरू

सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अनुसार नेपाल सरकारको सूचित आदेशद्वारा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तशुल्क ऐन, २०५८ मा केही संशोधन भएका छन् । साथै तत् तत् नियमावलीहरुमा समेत केहि संशोधन भएका छन् ।

१. कर, जरिबाना, थप दस्तुर, शुल्क तथा ब्याज मिन्हा सम्बन्धी विशेष व्यवस्था: (आर्थिक विधेयकको दफा २०)
नवीनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी शुरु गरिएका (स्टार्ट अप) व्यवसाय गर्ने व्यक्ति वा संस्था करको दायरामा नआएका भए त्यस्ता व्यक्तिले सम्वत् २०७६ पौष मसान्त भित्र स्थायी लेखा नम्बर लिई मूल्य अभिबृद्धि करमा दर्ता गरेमा आर्थिक वर्ष २०७५।०७६ भन्दा अघिका वर्षहरुको कुनै पनि किसिमको विवरण, कर, जरिबाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने ।

२. सामाजिक सुरक्षाकोष सम्बन्धी व्यवस्था: आर्थिक विधेयकको दफा २१)आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक चारलाख रुपैयाँसम्म र दम्पतीको हकमा वार्षिक चार लाख पचास हजार रुपैयाँसम्म रोजगारीको आय भएमा सो आयमा एक प्रतिशतका दरले कर लाग्ने ।

**मूल्य अभिवृद्धि करतर्फः**

१. मू.अ.करमा अनिवार्य दर्ता हुनुपर्ने व्यवसाय थप तथा संशोधन भएको: दफा १०(२)(क) र (ख)
(क) देहायको कारोबार गरेमा मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता गराउनुपर्ने:
मदिरा, वाइन, हेल्थ क्लव, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस्, विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय ।
(ख) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र कारोबार गर्ने शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखापरीक्षण सम्बन्धी सेवा

२. दर्ता अभिलेख अद्यावधिक गर्ने सम्बन्धमा: (दफा १०ग)
यस ऐन बमोजिम दर्ता भएका व्यक्तिले विभागले तोके बमोजिमको दर्ता सम्बन्धी सूचना र अभिलेख विभागको वायोम्याट्रिक दर्ता प्रणालीमा तोकिएको अवधिभित्र अद्यावधिक गर्नु पर्ने ।

३. रु.दश लाख भन्दा बढीको कर भुक्तानी:(दफा १९(७क)
दश लाख रुपैयाँभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट भुक्तानी गर्नु पर्ने

४. मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा:(दफा २४(घ)
लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ठ फिर्ता पाउन तोकिए बमोजिम निवेदन दिन सक्ने ।

५. कूटनीतिक नियोगको कर फिर्ता दावी: (दफा २५(१क)
कूटनीतिक निकाय वा कूटनीतिज्ञले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा दश हजार रुपैयाँ भन्दा कमको खरिदमा फिर्ता नहुने ।

६. उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा: (दफा २५ (१ख) थप)
कुनै उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम विभागले तोकेको प्रक्रिया बमोजिम निजको बैंक खातामा फिर्ता गरिने ।

७. जरिवाना रकममा भएका संशोधनहरु:
समयमा सूचना नदिएमा: (दफा २९(१)(ख२)
दर्ताको लागि दिएको दरखास्तमा उल्लिखित विवरणमा कुनै परिवर्तन भएमा सो को जानकारी १५ दिन भित्र नदिएमा पटकै पिच्छे दश हजार रुपैयाँ
मूल्य अभिवृद्धि कर बीजक नलिएमा: (दफा २९(१)(ग) थप)
दर्ता भएको व्यक्तिले बीजक नदिएमा पटक्कै पिच्छे दश हजार रुपैयाँ र प्रापकले बीजक नलिएमा पटक्कै पिच्छे एक हजार रुपैया,
ढुवानीका बखत साथमा कर बीजक नभएमा: (दफा २९(१)(ग१)
दश हजार रुपैयाँ भन्दा बढीको कर लाग्ने बस्तु विभागले तोकेको क्षेत्र बाहिर ढुवानी गर्नेले कर बीजक साथमा नराखेमा पटक्कै पिच्छे दश हजार रुपैयाँ, झुठा बीजक जारी गर्नेलाई कैद समेतको सजाय हुने: (दफा २९(१ग)
बस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई जारी बीजक मूल्यको पचास प्रतिशत जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।

८. प्रशासकीय पुनरावलोकनको निवेदनमा रकम दाखिला सम्बन्धमा:(दफा ३१क.(६)
विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित कर रकमको एकचौथाई रकम दाखिला गर्नुपर्ने ।

९. मू.अ.कर लाग्ने बस्तु तथा सेवाहरु: (ऐनको अनुसूची १) साविकमा मू.अ.कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भई मू.अ.कर छुट भएका आँटा, सोयाबडि मस्यौरा, टेम्पो र ढुवानी सेवा अनुसूची १ बाट हटेका हुँदा मू.अ.कर लाग्ने भएको ।

**आयकरतर्फः**

१. तोकिए बमोजिमका आयमा लाग्ने करमा कर छुट हुने प्रावधानहरु दफा ११ अन्तर्गत राखिएका छन् ।

२. खर्चकट्टी नपाउने: दफा २१(१) को (घ१) र (घ२)

स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च एवं स्थायी लेखा नम्बर उल्लेख नभएको एक हजार रुपैयाँभन्दा बढी मूल्यको बीजक वापतको खर्च कट्टी गर्न नपाउने ।

३. निवृत्तभरण कोष सरह सुविधा पाउने:
नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष,योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष, कर्मचारी सञ्चयकोष ऐन. २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोष र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनु नपर्ने ।

४. वायोमेट्रिक दर्ता सम्बन्धमा:
स्थायी लेखा नम्बर लिई कारोबार गर्ने व्यक्तिले तोकिएको अवधिभित्र विभागले तोके बमोजिमको दर्ता सम्बन्धी विवरण वायोम्याट्रिक प्रणालीमा अद्यावधिक गर्नु पर्ने । (दफा ७८)

५. विद्युतीय माध्यमको भुक्तानीबाट हुने कर फिर्तामा अग्रिम कर कट्टी गर्न नपर्ने:
उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरे बापत मूल्य अभिबृद्धि कर ऐन, २०५२को दफा २५ को उपदफा (१ख) बमोजिम प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नु नपर्ने। (दफा ८८(१) को खण्ड ५ को (ग)

६. न्यूनतम किस्ता रकम:
बुझाउनुपर्ने समग्र किस्ताको जम्मा रकम रु. सात हजार पाँच सय भन्दा कम भएमा त्यस्तो किस्ताको रकम बुझाउनु नपर्ने । (दफा ९४(२)

७. बासिन्दा प्राकृतिक व्यक्तिको सूचीकृत निकायको हितको निसर्गमा लाग्ने कर:
नेपालधितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको नि:सर्गवाट प्राप्तलाभमा प्राकृतिक व्यक्तिको हकमा पाँच प्रतिशतको दरले करलाग्ने । (दफा ९५क.(२)(क)

८. धितोपत्र खरिद बिक्रीको लागत गणना:
दफा ९५क. को उपदफा (२) को खण्ड (क) बमोजिम लाभ गणना गर्दा जुन निकायको हित नि:सर्ग हुने हो त्यस्तो निकायमा सो मितिमा सो व्यक्तिको स्वामित्वमा रहेको हितको भारित औसत लागतको आधारमा गर्नु पर्नेछ । (दफा ९५क.(२क)

९. प्राकृतिक व्यक्ति वाहेक अन्य व्यक्तिको घरजग्गा कारोवारमा अग्रिम कर:
प्राकृतिक व्यक्ति बाहेक अन्य कुनै ब्यक्तिको स्वामित्वको जग्गा वा भवनको नि:सर्ग भएको मूल्यमा मालपोत कार्यालयले रजिष्ट्रेशनका बखत एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्ने।(दफा ९५क.(६)

१०. कृषि उपज आयातमा अग्रिम आयकर:
व्यापारिक प्रयोजनको लागि पैठारी हुने तोकएका केहि वस्तुहरुमा भन्सार प्रयोजनका लागि कायम मूल्यमा पाँच प्रतिशत तथा दुई दशमलब पाँच प्रतिशत अग्रिम आयकर भन्सार विन्दुमै असुल उपर गरिने । (दफा ९५क.(७)

११. बुझाएको आय विवरण संसोधन हुने: दफा ९६(६)
कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले तीस दिनभित्र विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संशोधन गर्न सक्ने ।

१२. वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति कर भुक्तानी गर्न जिम्मेवार हुने: (दफा ११०ग.)
व्यवसायको वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति व्यवसाय दर्ता भएको व्यक्तिभन्दा फरक भएको प्रमाणित भएमा त्यस्तो व्यवसायको कर भुक्तानी गर्ने दायित्व त्यस्तो प्रतिफल प्राप्त गर्ने व्यक्तिको हुने ।

१३. प्रशासकीय पुनरावलोकनमा रकम दाखिला गर्ने सम्बन्धमा:
विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित करको एकचौथाई रकम बुझाउनुपर्ने। (दफा ११५(६)

१४. अनुमानित करको विवरण दाखिला नगरेमा:
अनुमानित करको विवरण दाखिला नगरेमा न्यूनतम पाँच हजार रुपैयाँवा आय विवरणमा उल्लिखित निर्धारणयोग्य आयको शून्य दशमलव शून्य एक प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सोही रकम शुल्क लाग्ने। (दफा ११७(१)

१५. बासिन्दा एकल प्राकृतिक व्यक्ति तथा ऐनको दफा ५० बमोजिम छनौट गर्ने दम्पतिको करयोग्य आयमा करको गणना गर्ने दरहरु (ऐनको अनुसूची १)

१६. बासिन्दा प्राकृतिक व्यक्तिको सूचीकृत निकायको हितको निसर्गमा लाग्ने कर:
नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको नि:सर्गवाट प्राप्त लाभको हकमा पाँच प्रतिशतको दरले कर लाग्ने । अनुसूची १ को दफा १(४)(ख)(घ)

१७. पूर्वानुमानित कर: अनुसूची १ को दफा १को उप दफा (७)
(क) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा सात हजार पाँच सय रुपैयाँ,
(ख) नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा चारहजार रुपैयाँ,
(ग) खण्ड (क) र (ख) मा उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा दुई हजार पाँच सय रुपैयाँ ।

१८. कारोवारमा आधारित कर (TOT) का दरहरु: अनुसूची १ को

दफा १(१७)

बीस लाख रुपैयाँसम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सोभन्दा बढीको कारोबार रकममा देहाय बमोजिमको दरले कर लाग्नेछः

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थपगरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलव दुई पाँच प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्नेव्यक्तिलाई कारोबार रकमको शून्य दशमलब सात पाँच प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत ।

१९. सहकारीको करको दरः

सहकारी ऐन २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा बीस प्रतिशतका दरले कर लाग्ने ।

तर देहाय बमोजिमका वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई देहाय बमोजिम छुट हुनेछः-

(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचहत्तर प्रतिशत

(ख) उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचास प्रतिशत ।

**अन्तःशुल्कतर्फः-**

१. अन्तःशुल्क इजाजत नविकरण सम्बन्धी व्यवस्थाः

अन्तःशुल्क ऐन, २०५८ को दफा ९(५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिना भित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिना भित्र शतप्रतिशत जरिबाना बुझाउनु पर्नेछ । तर दफा ९ को उपदफा (३) बमोजिम इजाजतपत्र लिई उपदफा (५) बमोजिमको अवधि भित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजत पत्रवालाले नवीकरण गराउन चाहेमा प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुर र सोको शतप्रतिशत जरिबाना बुझाई सम्वत् २०७६ पौष मसान्तभित्र नवीकरण गराउन सक्ने । (दफा ९(६क)

२. प्रशासकीय पुनरावलोकनको निवेदनमा रकम दाखिला सम्बन्धमाः (दफा १९ (५)

अन्तःशुल्क निर्धारण उपर विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिंदा विवादित अन्तःशुल्क र जरिवाना रकमको एकचौथाई रकम दाखिला गर्नुपर्ने ।

**चलचित्र विकास शुल्कतर्फ**

१. चलचित्र घरहरुले विद्युतीय प्रणाली (ई टिकेटिङ्ग सिष्टम)बाट टिकट जारी गरी २०७६ असार मसान्तभित्र केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्क गर्नु पर्नेछ । तोकिएको समयमा विद्युतीय प्रणाली जडान तथा केन्द्रीय सर्भरसँग लिङ्क नगरी टिकट जारी गरेको पाइएमा त्यसरी जारी गरिएको टिकटबाट प्राप्त रकमको पहिलो पटकका लागि शतप्रतिशत एक पटकभन्दा बढीको लागि दुई सय प्रतिशत जरिबाना लगाई असुल उपर गरिने ।

२. प्रकरण १२२ बमोजिमको शुल्क चलचित्र घरहरूले असुल उपर गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो कार्यालयहरु नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नुपर्नेछ । तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनुपर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ । चलचित्र विकास शुल्क को मासिक विवरण उल्लिखित अवधि भित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ । चलचित्र विकास बोर्डमा बझाउनु पर्ने विवरण बक्स अफिस प्रणालीबाट समेत पठाउनु पर्ने ।

## नियमावलीहरुबाट भएका संशोधन

**मूल्य अभिबृद्धि कर (एक्काइसौं संशोधन) नियमावली, २०७६**

१. दर्ता भएको व्यक्तिसंग मात्र सेवा दिनु लिनु पर्नेः (नियम ६क.(२) सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक पाँचलाख रुपैयाँ भन्दा बढीको ठेक्का पट्टा वा परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्ने ।

२ ठेक्का र वस्तु तथा सेवा आपूर्ति वापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः (नियम ६ग.)

सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने । यसरी राजस्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने ।

३. वायोमेट्रिक प्रणालीमा अभिलेख अद्यावधिक गर्ने अवधिः (नियम ७ख.)

दर्ता भएका व्यक्तिले आफ्नो अभिलेख सम्बत् २०७७ साल असार मसान्तभित्र ऐनको दफा १०ग. बमोजिम वायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्ने ।

४. मू.अ.कर फिर्ता सम्बन्धीः (नियम ३९(छ) मा संशोधन)

मूल नियमावलीको नियम ३९ को उपनियम (५) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "चालीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

५. कर कट्टी गर्न नपाइनेः (नियम ४१ (१) (ग) मा संशोधन)

मूल नियमावलीको नियम ४१ को उपनियम (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

(ग) पेट्रोलियम पदार्थ (पेट्रोल- डिजेल र एल.पि. ग्याँस)।

६. कर फिर्ता सम्बन्धी व्यवस्थाः (नियम ४५ मा संशोधन)

ऐनको दफा २४ को उपदफा (घ) र (४) वा दफा २५ को प्रयोजनका लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका प्रमाणहरु तुरुन्त छानवीन गरी दर्ता भएका मितिले दफा २४ को उपदफा (३) को हकमा साठी दिनभित्र र दफा ४२ को उपदफा (४) र दफा ४५ को हकमा तीस दिनभित्र फिर्ता दिनुपर्ने।

७. मू.अ.कर फिर्तामा रिफण्ड सप सम्बन्धीः (नियम ४५ (२क) थपिएको)

ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) र (क१) बमोजिमका कूटनीतिक नियोग तथा कूटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचिकृत भएका फर्म तथा कम्पनी (रिफण्ड सप) बाट खरिद गरिएको बस्तु तथा सेवामा तिरेको कर विभागले तोकेको प्रक्रिया बमोजिम तीस दिन भित्र फिर्ता गरिने।

८. "कर सहयोगी राख्न सक्ने" सम्बन्धी नियम ५८क. झिकिएको।

**आयकर (नवौं संशोधन) नियमावली, २०७६**

१. मूल नियमावलीको नियम २९ मा संशोधनः

मूल नियमावलीका नियम २९ को उपनियम (३) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः- "तर सरकारी कारोवार गर्ने मान्यता प्राप्त बैङ्कमार्फत भुक्तानी गर्दा दश लाख रुपैयाँभन्दा बढीको रकम चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट भुक्तानी गर्नु पर्नेछ।"

**अन्तःशुल्क (उन्नाइसौं संशोधन) नियमावली, २०७६**

१. अन्तःशुल्क नियमावली, २०५९को नियम ३४मा संशोधनः

अन्तःशुल्क नियमावली, २०५९को नियम ३४ मा रहेको "अन्नको दानाबाट प्रतिक्वीण्टल ६८.८ओ.पी. शक्तिको कम्तीमा ३०.५७ लिटर ई.एन.ए" भन्ने शब्दहरुको सट्टा "अन्नको दानाबाट प्रतिक्वीण्टल ६८.८ओ.पी. शक्तिको कम्तीमा ४२ लिटर ई.एन.ए. मात्र उत्पादन गर्नु पर्नेछ। फलफूलबाट वाइन उत्पादन गर्ने प्रतिष्ठानहरुले प्रतिकिलो फलफूलबाट १२ प्रतिशत अल्कोहलको मात्रा भएको २ लिटर वाइन वा सोही अल्कोहल प्रतिशतलाई आधार मानि आनुपातिक रुपमा वाइन उत्पादन गर्नुपर्नेछ। भन्ने शब्दहरु राखिएका छन्।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## वस्तु तथा सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र मूल्य अभिबृद्धि करमा दर्ता हुने सम्बन्धी सूचना

आर्थिक विधेयक, २०७६ ले मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन अनुसार गहुँको आँटा, सोयावडी मस्यौरा, टेम्पो र ढुवानी सेवामा मूल्य अभिबृद्धि कर लाग्ने र देहायका कारोवारलाई अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता गर्नुपर्ने गरी थप व्यवस्था भएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

- कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र शैक्षिक तथा कानूनी परामर्श, लेखा तथा लेखा परीक्षण सम्बन्धी सेवा सञ्चालन गरेमा,
- मदिरा, वाइन, हेल्थ क्लब, डिस्को थेक, मसाज थेरापी, मोटर पार्टस, विद्युतीय सफ्टवेयर, भन्सार एजेण्ट, खेलौनाको व्यवसाय, कवाडी तथा पत्रुको व्यवसाय,

अतः मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा भएको संशोधित व्यवस्था मिति २०७६।०२।१५ देखि लागू भइसकेकोले ढुवानी सेवा प्रदान गर्ने व्यक्ति लगायत माथि उल्लेख भएका वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिहरुले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएर मात्र कारोबार गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा अविलम्ब आफ्नो कारोवार रहेको क्षेत्रको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा सम्पर्क गरी मूल्य अभिबृद्धि करमा दर्ता हुन सूचित गरिएको छ।

# राजस्व दाखिला गर्ने प्रयोजनको लागि आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कोड नम्बर

| सि.नं. | कार्यालय कोड | कार्यालयको नाम तथा ठेगाना | |
|---|---|---|---|
| १ | ३०५०४०२०१ | करदाता सेवा कार्यालय, फिदिम | - |
| २ | ३०५०४०३०१ | करदाता सेवा कार्यालय, इलाम | इलाम |
| ३ | ३०५०४०४०१ | करदाता सेवा कार्यालय, खाँदवारी | खाँदवारी |
| ४ | ३०५०४०६०१ | करदाता सेवा कार्यालय, धनकुटा | धनकुटा |
| ५ | ३०५०४०८०१ | करदाता सेवा कार्यालय, दिक्तेल | - |
| ६ | ३०५०४०९०१ | करदाता सेवा कार्यालय, लुक्ला | लुक्ला |
| ७ | ३०५०४११०१ | करदाता सेवा कार्यालय, गाईघाट | गाइघाट |
| ८ | ३०५०४१२०१ | आन्तरिक राजस्व कार्यालय, दमक | दमक |
| ९ | ३०५०४१२०२ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | भद्रपुर |
| १० | ३०५०४१३०१ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | विराटनगर |
| ११ | ३०५०४१३०२ | करदाता सेवा कार्यालय, विराटचोक | विराटचोक |
| १२ | ३०५०४१४०१ | आन्तरिक राजस्व कार्यालय, धरान | धरान |
| १३ | ३०५०४१४०२ | करदाता सेवा कार्यालय, इटहरी | इटहरी |
| १४ | ३०५०४१५०१ | करदाता सेवा कार्यालय, राजविराज | राजिवराज |
| १५ | ३०५०४१६०१ | आन्तरिक राजस्व कार्यालय, लाहान | लहान |
| १६ | ३०५०४१७०१ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | जनकपुर |
| १७ | ३०५०४१८०१ | करदाता सेवा कार्यालय, बर्दिवास | बर्दिवास |
| १८ | ३०५०४१९०१ | करदाता सेवा कार्यालय, मलंगवा | मलगंवा |
| १९ | ३०५०४२००१ | करदाता सेवा कार्यालय, गौर | गौर |
| २० | ३०५०४२१०१ | आन्तरिक राजस्व कार्यालय, सिमरा | सिमरा |
| २१ | ३०५०४२२०१ | आन्तरिक राजस्व कार्यालय, विरगंज | विरगंज |
| २२ | ३०५०४२६०१ | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | धुलिखेल |
| २३ | ३०५०४३००१ | करदाता सेवा कार्यालय, गल्छी | गल्छी |
| २४ | ३०५०४३१०१ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | भरतपुर |
| २५ | ३०५०४३२०१ | आन्तरिक राजस्व कार्यालय, हेटौडा | हेटौडा |
| २६ | ३०५०४३३०१ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | सूर्यबिनायक |
| २७ | ३०५०४३४०१ | ठूला करदाता कार्यालय, हरिहरभवन | हरिहरभवन |
| २८ | ३०५०४३४०२ | आन्तरिक राजस्व कार्यालय, ललितपुर-१ | हरिहरभवन |
| २९ | ३०५०४३४०३ | आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ | लगनखेल |
| ३० | ३०५०४३५०२ | मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल | काठमाडौं |
| ३१ | ३०५०४३५०३ | आन्तरिक राजस्व कार्यालय, चावहिल | चाबिहल |
| ३२ | ३०५०४३५०४ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | कोटेश्वर |
| ३३ | ३०५०४३५०५ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | बानेश्वर |
| ३४ | ३०५०४३५०६ | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | पुतलीसडक |
| ३५ | ३०५०४३५०७ | आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली | बत्तिसपुतली |

| | | | |
|---|---|---|---|
| ३६ | ३०५०४३५०८ | आन्तरिक राजस्व कार्यालय, कलङ्की | कलङ्की |
| ३७ | ३०५०४३५०९ | आन्तरिक राजस्व कार्यालय, टंगाल | टंगाल |
| ३८ | ३०५०४३५१० | आन्तरिक राजस्व कार्यालय, ठमेल | ठमेल |
| ३९ | ३०५०४३५११ | आन्तरिक राजस्व कार्यालय, बालाजु | बालाजु |
| ४० | ३०५०४३५१२ | आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज | महाराजगंज |
| ४१ | ३०५०४३५१३ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | नयाँसडक |
| ४२ | ३०५०४३५१४ | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | कालिमाटी |
| ४३ | ३०५०४३५१५ | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | त्रिपुरेश्वर |
| ४४ | ३०५०४३८०१ | आन्तरिक राजस्व कार्यालय, दमौली | दमौली |
| ४५ | ३०५०४३९०१ | आन्तरिक राजस्व कार्यालय, पोखरा | पोखरा |
| ४६ | ३०५०४४५०१ | आन्तरिक राजस्व कार्यालय, बाग्लुङ | – |
| ४७ | ३०५०४४६०१ | करदाता सेवा कार्यालय, कावासोती | नवलपुर |
| ४८ | ३०५०४४८०१ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | भैरहवा |
| ४९ | ३०५०४४८०२ | आन्तरिक राजस्व कार्यालय, बुटवल | बुटवल |
| ५० | ३०५०४४९०१ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | कृष्णनगर |
| ५१ | ३०५०४५००१ | करदाता सेवा कार्यालय, पाल्पा | – |
| ५२ | ३०५०४५६०१ | आन्तरिक राजस्व कार्यालय, तुलसीपुर | तुलसीपुर |
| ५३ | ३०५०४५७०१ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | नेपालगञ्ज |
| ५४ | ३०५०४६२०१ | करदाता सेवा कार्यालय, जुम्ला | – |
| ५५ | ३०५०४६८०१ | आन्तरिक राजस्व कार्यालय, विरेन्द्रनगर | विरेन्द्रनगर |
| ५६ | ३०५०४७५०१ | करदाता सेवा कार्यालय, डडेल्धुरा | – |
| ५७ | ३०५०४७६०१ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | महेन्द्रनगर |
| ५८ | ३०५०४७७०१ | आन्तरिक राजस्व कार्यालय, धनगढी | धनगढी |
| ५९ | ३०५०४७७०२ | करदाता सेवा कार्यालय, लम्की | लम्की |
| | | | |

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**

## विद्युतीय विजक सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन,२०५२ (सं.स.)को दफा १४ क को उपदफा (२) तथा आयकर ऐन, २०५८(सं.स.) को दफा ८१(४) मा भएको व्यवस्था अनुसार रू. पैतिस करोड भन्दा वढी कारोवार हुने करदाताले २०७६ असार मसान्त भित्र अनिवार्य रूपमा आफूले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट वीजक जारी गर्ने गरी म्याद थप गरिएकोछ । यसै गरी विद्युतीय वीजक सम्वन्धी कार्यविधि,२०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट वीजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरूले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र विद्युतीय वीजक सम्वन्धी कार्यविधि,२०७४ वमोजिमका मापदण्डहरू पुरा गरी पुनः अनुमति लिनु पर्ने समयावधि २०७६ असार मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको **CBMS** संग आवद्ध हुने गरी **SOFTWARE** अध्यावधिक गरी विभागमा सूचिकृत गरी सक्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

# हाल प्रचलनमा रहेका राजस्व संकेत र व्याख्या

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | आ.व. २०७५।७६ बाट लागू हुने नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | ११११११ | ११११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, | १११११२ | १११११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | १११११३ | १११११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमापर्दछ। | १११२१ | १११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | १११२२ | १११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने | १११२३ | १११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको | १११२४ | १११२४ |
| पुँजीगत लाभकर- निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा | १११२५ | १११२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर | १११३१ | १११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | १११३२ | १११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | १११३३ | १११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | १११३४ | १११३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने | १११३५ | १११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने | १११३६ | १११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ। | - | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा | ११४४२ | ११४४२ |

| | | | |
|---|---|---|---|
| शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ। | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ। | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ। | ११४१२ | ३३११२ |
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ- संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२१ | ३३१३१ |
| मदिरा- संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२४ | ३३१३४ |


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
सम्झना बराल ढकाल
सुनिल कुमार यादव
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।